# e-Pension Verification System


## १. System Access (प्रणालीमा पहुँच)

- **e-Pension Verification** का लागि निवृत्तभरण व्यवस्थापन कार्यालयको वेबसाइट pension.gov.np मा जानुहोस्।




- त्यसपश्चात कार्यालयको गृह पृष्ठमा रहेको हाम्रा सेवाहरु खण्डको **e-Pension Verification** मा **Click** गर्नुहोस्।


२. त्यसपछि **Pension Management System** को **Screen** खुल्छ ।




- यदि तपाईं पहिले नै अवकाश भइ पेन्सन लिइरहनुभएको छ भने Pension Management System को **Registration** मा **Click** गर्नुहोस् । अब प्रणालीमा तपाईंको दर्ता प्रक्रिया शुरु हुनेछ । यो दर्ता प्रक्रिया प्रत्येक पेन्सनरले एक पटक अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ । एकपटक प्रणालीमा दर्ता भइसकेका प्रयोगकर्ताको हकमा सोझै **Sign In** प्रक्रिया मार्फत अगाडि बढ्न सकिनेछ ।


### ३. **Required Information (प्रविष्ट गर्नुपर्ने विवरण)**

- System मा प्रवेश गरेपश्चात तलका विवरणहरू अनिवार्य रुपमा भर्नुपर्नेछः




- Entry गरिने विवरणहरु निवृत्तभरण व्यवस्थापन कार्यालयमा रहेको तपाईंको विवरणमा उल्लेख भए बमोजिम हुनुपर्नेछ तर कार्यालयमा भएको विवरणमा भन्दा फरक मोबाईल प्रयोग गर्नुभएको छ भने तपाईंले हाल प्रयोग गरिरहनुभएको मोबाईल नम्बर राख्न सक्नुहुनेछ ।


- तपाईंले प्रविष्टि गरेको विवरण Verify भएपछि तपाईंको मोबाइलमा ६ अङ्कको OTP प्राप्त प्राप्त गर्नु हुनेछ। उक्त OTP प्रविष्ट गरी Verify and Sign In मा Click गर्नुहोस् ।




- तपाईंको मोबाइलमा Username र Password जाने भएकाले कृपया प्रयोगमा रहेको मोबाइल नम्बर नै प्रविष्ट गर्नुहोस् ।


## ४. **Sign In Process** (लगिन प्रक्रिया)

- तपाईंको मोबाइलमा प्राप्त Username र Password प्रयोग गरी Pension Management System मा Sign In गर्न सक्नुहुनेछ।




- Screen मा देखाइएको ठाँउमा Username र Password प्रविष्ट गरी **Sign In** मा Click गर्नुहोस्।


- तपाईंको मोबाइलमा ६ अङ्कको OTP प्राप्त प्राप्त हुनेछ । उक्त OTP प्रविष्ट गरी Verify and Sign In मा Click गर्नुहोस् ।




- आफ्नो Username र Password सुरक्षित राख्नुहोला । तपाईंले चाहेको खण्डमा Password परिवर्तन गर्न सक्नुहुनेछ ।
- प्रणालीमा एकपटक दर्ता भई मोबाइलमा Username र Password प्राप्त भएपश्चात तपाईंले पुन दर्ता प्रक्रिया (Registration) गर्नुपर्ने छैन ।

५. **Dashboard Access** (**Dashboard मा पहुँच/प्रवेश**)

- **Sign In** सफल भएपछि **Dashboard** खुल्छ।
- **Start Liveness Session** मा **Click** गर्नुहोस्।




६. **Liveness Test Process** (**पहिचान प्रमाणीकरण**)

**क) जीवन्तता प्रमाणीकरणमा स्वागत चरण**




- पहिचान प्रमाणीकरण पेजमा रहेको **प्रमाणीकरण शुरु गर्नुहोस्** बटनमा **Click** गर्नुहोस् ।

ख) लाइभ फेस भेरिफिकेसन चरण





- अनुहार प्रमाणीकरण गर्न पर्याप्त उज्यालो भएको ठाँउमा बसेर अनुहार स्पष्ट रुपमा देखिने गरी Camera तर्फ हेर्नुहोस् ।
- अनुहार प्रमाणीकरण पश्चात **अगाडि बढ्नुहोस्** बटनमा **Click** गर्नुहोस् ।

ग) पहिचान प्रमाणीकरण चरण




- दोस्रो चरणको पहिचान प्रमाणीकरणको पेज खुल्नेछ । प्रणालीमा देखाइएको इशारा बमोजिम गर्नुहोस् र **अगाडि बढ्नुहोस** बटनमा **Click** गर्नुहोस् ।

### घ) Verification सम्पन्न चरण




- पहिचान प्रमाणीकरण सम्पन्न भएपश्चात **सम्पन्न भयो Button** मा **Click** गर्नुहोला ।

### ८. Failure Case (प्रमाणीकरण हुन नसक्ने अवस्था)

यदि Verification असफल भएको खण्डमा पुनः प्रयास गर्नुपर्नेछ।

**Notes (ख्याल राख्नुहोस्)**

- Mobile Number Active हुनुपर्छ,
- Camera Access अनिवार्य छ,
- OTP / Password गोप्य राख्नुहोस् ।